# उत्थानशील नेपालको पुनर्निर्माण

PHOTOBOOK | 2023



Japan International Cooperation Agency







Japan International
Cooperation Agency

अप्रिल २०२३ मा प्रकाशित
© २०२३ जाइकामा सर्वाधिकार सुरक्षित ।

# उत्थानशील नेपालको पुनर्निर्माण

२०७२ बैशाख १२ गते गोरखामा केन्द्रबिन्दु भएर नेपालमा ७.८ रेक्टर स्केलको विनाशकारी भूकम्प गएको थियो। भूकम्प गएलगत्तै जापान सरकार र जाइकाले आपतकालिन राहत उपलब्ध गराए र त्यस पछिको समयमा जाइकाले अझ राम्रो र बलियो - Build Back Better (BBB) निर्माणको अवधारणालाई अवलम्बन गर्दै नेपाल सरकारलाई पुनर्निर्माण र पुनर्लाभमा सहयोग गर्दै आएको छ । जाइकाले भूकम्प प्रभावित व्यक्तिहरूको क्षमता विकास गरेर उत्थानशील देश र समाज निर्माण गर्नका लागि विभिन्न कार्यक्रम मार्फत योगदान पुर्याएको छ। जाइकाको अझ राम्रो र बलियो निर्माणको अवधारणामा आधारित पुनर्निर्माण र पुनर्लाभ सहयोगमा विभिन्न क्षेत्रहरू समावेश भएका छन्, जस्तैः आवास र विद्यालय पुनर्निर्माण, सांस्कृतिक सम्पदाको पुनर्स्थापना, पूर्वाधार पुनर्निर्माण, जीविकोपार्जनको पुनर्लाभ, विपद जोखिम न्यूनीकरण शिक्षा र पुनर्लाभ योजना र विपद् सम्बन्धि तयारी ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोगले जापान सरकारको तर्फबाट औपचारिक विकास सहायता समन्वय गर्न मद्दत गर्दछ। जाइकाको ९६ भन्दा बढी देशहरूमा कार्यालयहरूको सञ्जाल छ र १५० भन्दा बढी देशमा यसका परियोजनाहरू सञ्चालन भइरहेका छन्। जाइका विकासोन्मुख देशहरूमा सामाजिक र आर्थिक वृद्धी मार्फत अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित छ ।

"उत्थानशील नेपालको पुनर्निर्माण" नामक यस फोटो किताबले भूकम्पपछिका आठ वर्षमा जापान सरकार र जाइकाले गरेका विभिन्न प्रयास र उपलब्धिहरू प्रस्तुत गर्ने उद्देश्य राखेको छ, जसलाई भविष्यमा एक उत्थानशील राष्ट्र निर्माण गर्ने खुड्किलोका रूपमा प्रयोग गर्न सकिन्छ ।



बारपाक, गोरखा



जाइकाले क्षतिग्रस्त काठमाडौं-भक्तपुर र सिन्धुली सडकको तुरुन्तै पुनर्स्थापनाको काम सम्पन्न गर्‍यो र जापान सरकारले आफ्नो मानवीय सहायतालाई निरन्तरता दिदै गोरखा, धादिङ र नुवाकोट गरी तीनवटा जिल्लाहरूमा आंशिक रूपमा क्षतिग्रस्त विद्यालयका संरचनाहरू पुनर्स्थापना गर्न र १८४ कक्षाकोठा मर्मत गर्न आपतकालीन अनुदान मार्फत सहायता प्रदान समेत गर्‍यो ।

बि.पि. राजमार्ग, सिन्धुली सडक

# आपतकालीन राहत

भूकम्पपछिको भयावह अवस्थामा जापान सरकारले सहयोगमा देखाएको तदारूकता उल्लेखनिय छ ।

भूकम्प लगतै जापान विपद् राहत टोली सहयोग गर्न नेपाल आइपुग्यो । उक्त टोलीमा उद्धार, मेडिकल र प्रतिरक्षाका समूहहरू थिए । भुकम्पका कारण मानिसहरूका आधारभूत आवश्यकताहरूको अभाव भएको अवस्थामा जापान सरकारले जाइकमार्फत विपदबाट प्रभावित व्यक्तिहरूका लागि पाल, कम्बल र अन्य आपतकालीन राहत सामग्रीहरू सहयोग गर्‍यो ।



जापानबाट पठाइएका आपतकालीन राहत सामग्री




प्रभावित क्षेत्रमा स्वास्थ्य परीक्षण गर्दै जापान विपद् राहत टोली



काठमाडौं दरबार क्षेत्रमा खोजी अभियानमा संलग्न जापान विपद् राहत टोली

# आपतकालीन आवास पुनर्निर्माण परियोजना

जापान सरकारको औपचारिक विकास सहायताको ऋण सहयोगमा सञ्चालित आपतकालीन आवास पुनर्निर्माण परियोजना जाइकाको प्रमुख पहलहरू मध्येको एक थियो । यो परियोजना भूकम्प प्रतिरोधी मापदण्डहरू प्रयोग गरी घरहरू पुनर्निर्माण गर्न र तथा घरधनीहरूलाई उनीहरूको जीवन पुनर्स्थापना गर्न मद्दत गर्ने उद्देश्यले डिजाइन गरिएको थियो ।



सिन्धुपाल्चोकको साँगाचोकमा निर्माणाधीन घर



सिन्धुपाल्चोकका डकर्मीहरूलाई आवास पुनर्निर्माण तालिम दिईंदै



गोरखाको बारपाकमा नवनिर्मित घर



## परियोजनाका उपलब्धिहरू:

आर्थिक सहायता - लगभग ३५,००० लाभग्राहीहरू
प्राविधिक सहायता - करिब ९५,००० लाभग्राहीहरू

सिन्धुपाल्चोकको सांगाचोकमा नवनिर्मित घर

जाइकाले भूकम्प प्रतिरोधी घर डिजाइनका लागि सहयोग गर्नुका साथै इन्जिनियर, घरधनी र डकर्मीहरूलाई भूकम्प प्रतिरोधी भवन निर्माण गर्न आवश्यक सीप र ज्ञान सुनिश्चित गर्ने गरी प्रशिक्षण दिन सहयोग गऱ्यो ।

आवास पुनर्निर्माण प्रक्रियामा समूदायलाई पनि प्रत्यक्ष रूपमा संलग्न गराउन सामुदायिक परिचालन कार्यक्रम संचालनमा ल्याइयो ।

## रेश्मा बिनिता भुजेल, सिन्धुपाल्चोक

“मैले एकै वर्षमा मेरो घर र श्रीमान्, दुवै गुमाएँ। भूकम्प जाँदा हामीले हाम्रो सानो घर गुमायौँ, तर भाग्यवश, हामी सबैको ज्यान जोगियो । तीन वर्षसम्म हामी एउटा गोठमा बस्यौँ । घुम्ती डकर्मीहरूले हामीलाई घर बनाउन मद्दत गरे, जुन धेरै बलियो छ र अर्को भूकम्प आयो भने पनि भत्किँदैन ।”



सिन्धुपाल्चोकमा काम गरिरहेका डकर्मीहरू



रेश्मा बिनिता भुजेल आफ्नो नवनिर्मित घरमा छोराछोरीसँग

# आपतकालीन विद्यालय पुनर्निर्माण परियोजना

भूकम्प प्रभावित समुदायको समग्र सुधार र विकासमा योगदान पुऱ्याउने उद्देश्यले, जाइकाले शिक्षा क्षेत्रलाई लक्षित गरी आपतकालीन विद्यालय पुनर्निर्माण परियोजना कार्यान्वयन गर्न औपचारिक विकास सहायता ऋण उपलब्ध गराएको छ ।



श्री बाल कल्याण निम्न माध्यमिक विद्यालय, च्याङ्ली, गोरखा



नवनिर्मित कक्षाकोठामा विद्यार्थीहरू, गोरखा



पाटन माध्यमिक विद्यालय, ललितपुर

जाइकाद्वारा विकसित डिजाइन र संरचनात्मक निर्देशिकाहरूको आधारमा आपतकालीन विद्यालय पुनर्निर्माण परियोजना लागू गरिएको थियो । आयोजना अन्तर्गत ६ जिल्लाहरू (गोरखा, रसुवा, नुवाकोट, धाडिङ, मकवानपुर र ललितपुर)मा २७४ विद्यालयहरूको पुनर्निर्माण गरिएको छ ।



गोरखामा नवनिर्मित विद्यालयमा खेल्दै बालबालिकाहरू


जाइकाले ललितपुरका दुईवटा विद्यालयहरू - पाटन माध्यमिक विद्यालय र नमुना मछिन्द्र माध्यमिक विद्यालय, विशेष डिजाइनमा पुनर्निर्माण गरेको हो । नमुना मछिन्द्र माध्यमिक विद्यालय दृष्टिविहीन विद्यार्थीहरूलाई सिकाइको सहज वातावरण उपलब्ध गराउने उद्देश्यले डिजाइन गरिएको हो ।

## रोहन खनाल, कक्षा ९, नमुना मछिन्द्र माध्यमिक विद्यालय

"पुनर्निर्मित विद्यालयमा हामीलाई हिड्नका लागि विशेष किसिमको चिन्हहरू भएका बाटा, आरामदायी टेबल र बेन्चहरू जस्ता राम्रा सुविधाहरू छन् र विद्यालयमा खुला ठाउँ पनि धेरै छ ।"



रोहन खनाल, कक्षा ९,
नमुना मछिन्द माध्यमिक विद्यालय



नमुना मछिन्द माध्यमिक विद्यालयमा भएको विशेष किसिमको चिन्हहरू भएको बाटो



पथप्रदर्शक उच्च माध्यमिक विद्यालय., बडिखेल, ललितपुर



ज्योति माध्यमिक विद्यालय., हेटौंडा, मकवानपुर

# नेपालको भूकम्पबाट पुनर्स्थापना र पुनर्लाभको परियोजना

भूकम्प गएको दुई महिनामानै सुरू भएको नेपालको भूकम्पबाट पुनर्स्थापना र पुनर्लाभको परियोजनाले नेपाल र नेपालीलाई बहुआयामिक सहयोग प्रदान गरेको छ । मुख्य गरी तीन क्षेत्रहरूः गोरखा, सिन्धुपाल्चोक र काठमाडौं उपत्यकालाई पुनर्निर्माण र पुनर्स्थापनाका लागि लक्षित गरिएको थियो ।

शिघ्र प्रभाव परियोजना मार्फत सिन्धुपाल्चोक र गोरखामा सरकारी भवन, पुल, स्वास्थ्य चौकी र अस्पतालहरूको पुनर्निर्माण गरी जाइकाले भुकम्प पछीको तत्काल पुनर्लाभमा महत्त्वपूर्ण भूमिका खेल्यो ।



गोरखामा नवनिर्मित पुलमा हिंड्दै स्थानीयहरू



गोरखामा नवनिर्मित घट्टे पुल



गोरखाको बारपाकमा नवनिर्मित बारपाक महिला सामुदायिक केन्द्र

आमपिपल अस्पताल, गोरखा र सिन्धुपाल्चोकमा निर्माण गरिएका २२ प्राथमिकताका सार्वजनिक संरचनाहरूमध्येको एक हो ।

## सावित्रा ढकाल, हेड नर्स, आमपिपल अस्पताल, गोरखा

"अहिले हामी गाउँको अस्पतालमा पनि शहरको जस्तै सेवा दिन सक्षम भएका छौँ । भविष्यमा कुनै विपद् आइपरेमा यो नयाँ भवन आसपासका क्षेत्रका मानिसहरूका लागि आपतकालीन केन्द्र बन्न सक्छ भन्ने हाम्रो विश्वास छ ।"



आमपिपल अस्पताल, पालुङटार, गोरखामा कार्यरत सावित्रा ढकाल, हेड नर्स



पुनर्निमित परोपकार प्रसूति तथा महिला अस्पताल, काठमाडौं



पालुङटार, गोरखाको प्रहरी चौकी

जाइकाको अनुदान सहयोगमा काठमाडौंको वीर अस्पताल र परोपकार प्रसूति तथा महिला अस्पतालको पुनर्निर्माण गरिएको थियो ।




राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं

# जीविकोपार्जन पुनर्लाभ

जाइकाले तरकारी खेती, गुणस्तरीय बीउ उत्पादन र बाख्रा पालन जस्ता जीविकोपार्जन अभिवृद्धि तालिम कार्यक्रम मार्फत समुदायलाई सहयोग प्रदान गरेको थियो । यी कार्यक्रमहरूको सफलता र विगतका पुनर्निर्माणका कार्यहरूलाई निरन्तर्ता दिँदै जाइकाले स्थानीय सरकार र सामुदायको क्षमता वृद्धि गर्नेका लागि सहभागितामुलक ग्रामीण पुनर्लाभ परियोजना Project for Participatory Rural Recovery (PPRR) सुरू गरेको थियो ।



जीविकोपार्जनका लागि तरकारी खेती तालिम, सिन्धुपाल्चोक



गोरखाको बारपाकमा जीविकोपार्जनमा सहयोग गर्न बाख्रा पालन तालिम



PPRR ले स्थानीय (हेलम्बु, चौतारा, पालुङ्टार र बारपाक) सरकारहरूको वार्षिक र आवधिक विकास योजनाहरूमा समुदायका पुनर्लाभ र उत्थानशीलता सम्बन्धी आवश्यकताहरू समावेश गर्न सफल भएको छ ।

## सम्झना रोक्का, सिन्धुपाल्चोक

"पहिले हामीले न्यूनतम पारिश्रमिकमा अरू कसैको लागि काम गर्नुपर्थ्यो, तर जाइकाको छालाको सामान बनाउने १०० दिने तालिम पछि, हामी आफैले काम गर्न र हाम्रो परिवारलाई सहयोग गर्न सक्ने भएका छौँ।"



सम्झना रोक्का, हेलम्बु, सिन्धुपाल्चोक



सामुदायिक उत्थानशीलता अन्तर्गत हस्तकला उत्पादन, पालुङटार, गोरखा



सिन्धुपाल्चोकको फलाटेमा जीविकोपार्जनका लागि टनेल खेती तालिम

# सांस्कृतिक सम्पदा

जाइकाले पुरातत्व विभागमा जापानी विज्ञहरू पठाएर काठमाडौं दरबार क्षेत्रमा रहेका शिव मन्दिर र आगमछेँ मन्दिर तथा पाटन दरबार क्षेत्रमा रहेको देगु तलेजु मन्दिरको पुनर्स्थापना र पुनर्निर्माणमा सहयोग गरेको थियो ।



पाटन दरबार क्षेत्र, ललितपुरमा पुनर्स्थापना कार्य जारी रहेको देगु तलेजु मन्दिर



काठमाडौं दरबार क्षेत्रमा रहेको शिव मन्दिरका कलाकृतिहरूको सर्वेक्षण गर्दै जाइका विज्ञ



आगमछेँ मन्दिर, काठमाडौं दरबार क्षेत्र

# विपद् जोखिम न्यूनीकरण

जाइकाको सहयोग अब भूकम्पपछिको पुनर्निर्माणबाट विपद् जोखिम न्यूनीकरणतर्फ केन्द्रित हुँदै गइरहेको छ । जाइकाका परियोजनाहरू अब यस मुलुकलाई विपद् उत्थानशील बनाउने र भविष्यका विपद्का लागि तयार रहन सहयोग गर्ने परियोजनाहरूमा रूपान्तरण हुँदैछन् ।



NBCC परियोजना अन्तर्गत इन्जिनियरहरूलाई मास्टर्स ट्रेनर ट्रेनिङ कार्यक्रम संचालन गरिँदै

जाइकाले शहरी विकास तथा भवन निर्माण विभागलाई सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय भवन संहिता पालनाको प्रवर्द्धन कार्यक्रम Project for Promotion of Nepal National Building Code Compliance for Safer Building Construction (NBCC) मार्फत राष्ट्रिय भवन संहिताको अनुपालन संयन्त्र सुधार गर्न सहयोग गरिरहेको छ ।

जाइकाले अहिले "काठमाडौं उपत्यकामा उत्थानशीलताका लागि विपद् जोखिम व्यवस्थापन सुदृढीकरण परियोजना (REKV)" मार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको क्षमता सुदृढ गर्न सहयोग गरिरहेको छ ।



REKV परियोजनाको बाढी मूल्याङ्कनका लागि सर्वेक्षण



जापानमा बाढी प्रभावित स्थलको भ्रमण गर्दै REKV परियोजनाका प्रशिक्षण सहभागीहरू



जापानको एक प्राविधिक केन्द्र भ्रमण गर्दै NBCC परियोजनाका प्रशिक्षण सहभागीहरू

श्री अनिल पोखरेल | कार्यकारी प्रमुख | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

"पुनर्निर्माण र पुनर्लाभ सम्बन्धि अनुभवहरूलाई केलाउँदा, हामीले के सिक्यौँ भने, हामीले विपद् जोखिम न्यूनीकरणमा लगानी गर्न आवश्यक छ ताकि हामी भविष्यमा त्यस्ता विपद्हरूलाई रोक्न सकौँ । जाइकाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई दुईवटा महत्त्वपूर्ण प्राविधिक सहयोगहरू मार्फत मद्दत गरिरहेको छ । पहिलो REKV नामक परियोजना, जसले काठमाडौं उपत्यका भित्र विशेष गरी भूकम्पबाट हुने जोखिम सुशासनलाई हेर्छ र दोस्रो परियोजना PPRR जीविकोपार्जन पुनर्लाभ सम्बन्धि छ । हाम्रो जीवनकालमा, हामीले २०७२ सालको जस्तो वा त्योभन्दा पनि ठूलो भूकम्प अनुभव गर्न सक्छौँ । त्यसैले यदि हामीले विपद् जोखिम न्यूनीकरणमा थप लगानी गर्न सक्यौँ भने हामी देशभरी नै मानव जीवन र सम्पत्तिको क्षति हुनबाट बचाउन सक्छौँ ।"

श्री ओकुबो अकिमित्सु | प्रमुख प्रतिनिधि | जाइका नेपाल

"हामीले विगत आठ वर्षदेखि अझ राम्रो र बलियो पुनर्निर्माणको अवधारणालाई अङ्गाल्दै आएका छौँ । अझ राम्रो र बलियो पुनर्निर्माण भन्नाले यदि तपाईं विपद्को क्षतिबाट पुनर्लाभ गर्दै हुनुहुन्छ भने, भवन संरचनाहरू पहिलेको भन्दा धेरै बलियो र राम्रो हुनुपर्छ । यसले गर्दा अर्को विपद्को सामना गर्दा हामीले भोगेका क्षतिहरूलाई रोक्न र त्यस्ता विपद्हरूबाट बच्न सकियोस् । यस दृष्टिकोणका साथ, हामी हाम्रा परियोजनाहरूमा अझ बलियो पुनर्निर्माणको अवधारणालाई समावेश गर्ने प्रयास गर्छौं । अन्तमा, म यो भन्न चाहन्छु कि जाइका, नेपाल सरकारको विपद जोखिम न्यूनीकरणका प्रयत्नहरूलाई सहयोग गर्दै उत्थानशील देश निर्माण गर्न प्रतिबद्ध छ ।"









*आवरण र अन्तिम पृष्ठको लागि फोटो सौजन्य: इहारा योसिकि/जाइका*

अप्रिल २०२३ मा प्रकाशित
© २०२३ जाइकामा सर्वाधिकार सुरक्षित ।




जापान अन्तर्राष्ट्रिय सहयोग नियोग नेपाल कार्यालय
लाजिम्पाट, काठमाडौं, नेपाल
४५०, काठमाडौं, नेपाल
+९७७-१-४४२५६३६
+९७७-१-४४२५६५८
www.jica.go.jp/nepal/english
www.facebook.com/jicanepal